बैंठक संख्या:- १०

आज मिति २०८२/०४/२९ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्ती शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| | आङ दा.वा. शेर्पा | का.वा. वडा अध्यक्ष | |
| | | | |

मितिः- २०८२/०४/२९
समयः- दिउसो ३:०० बजे
स्थानः- नगर प्रमुखको कार्यकक्ष

<table>
<tr><th>सि.नं.</th><th>प्रस्ताव</th><th>सम्बन्धित शाखा</th></tr>
<tr><td>१.</td><td>एकीकृत सेवा शिविरको खर्च अनुमोदन</td><td>सोलुदुधकुण्ड नगरपालिकवाट राजधानी काठमाण्डौंमा मिति २०८२।०४।११ गतेदेखि १४ गतेसम्म सञ्चालन भएको एकीकृत सेवा शिविर सञ्चालन गर्दा हल भाडा ४ दिन खाना, खाजा र चिया साउण्ड सिष्टम र स्टेशनरी वापत भएको खर्च रु ५ लाख ५० हजार अनुमोदन गर्ने र शिविर सञ्चालनमा खटि जनप्रतिनिधी र कर्मचारीहरुको दैनिक भ्रमण खर्च वापतको रकम नगरपालिकाबाट भुक्तानी गर्ने</td></tr>
<tr><td>२.</td><td>वार्षिक खरिद योजना स्वीकृत</td><td>सोलुदुधकुण्ड नगरपालिकाको आ.व. २०८२/०८३ का लागि कार्यालयलबाट पेश भएको वार्षिक खरिद योजना स्वीकृत गर्ने ।</td></tr>
<tr><td>३.</td><td>विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रम सञ्चालन</td><td>चालु आ.व. २०८२/०८३ का लागि सशर्त अनुदान तर्फ विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रम सञ्चा गर्न जन जागृति माध्यमिक विद्यालय, सल्लेरी, सिंहकाली माध्यमिक विद्यालय, तिङला र गार्मा माध्यमि विद्यालय, गार्मा विद्यालय छनौट गर्ने ।</td></tr>
<tr><td>४.</td><td>स्रोत सुनिश्चित</td><td>देहायका आयोजनाहरु बोलपत्रका माध्यमवाट कार्यान्वयन हुन यस कार्यालयको प्राविधिक शाखाबाट ल अनुमान तयार हुँदा विनियोजित बजेटभन्दा बढि हुन आएकाले नपुग वजेट आन्तरिक स्रोतबाट भुक्तानी गरी बोलपत्र आह्वान गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>प्राप्त वजेट</th><th>नपुग वजेट</th></tr>
<tr><td>१.</td><td>खुम्वुले दोर्जी मार्ग ढलान</td><td>९०,००,०००</td><td>७०,००,०००</td><td>२०,००,०००</td></tr>
<tr><td>२.</td><td>फाप्लु रातनाङ्गे सडक सोलिङ</td><td>१,१४,००,०००</td><td>१,००,००,०००</td><td>१४,००,०००</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>विस्तृत परियोजना तयार</td><td>DPR तथा परामर्श सेवा खरीद गर्ने सम्वन्धी योजना तथा कार्यक्रम छनौट सम्वन्धमा आगामी कार्यपालिका वेठकमा सम्वन्धित वडाध्यक्षज्यूहरुले पेश गर्ने ।</td></tr>
<tr><td>६.</td><td>कर्मचारीको तलव भत्ता</td><td>चालु आ.व. २०८२/०८३ देखि यस नगरपालिकाका OVOT कार्यक्रम तर्फ कृषि र पशु सेवा तर्फको प्राविधिक कर्मचारीहरुलाई सङ्घीय सरकारबाट तलव भत्ता वापतको रकम प्राप्त नहुने भएकाले OVOT तर्फका २ जना प्राविधिक सहायकको तलव आन्तरिक स्रोतबाट खर्च बेहोर्ने ।</td></tr>
<tr><td>७.</td><td>फर्निचर तथा फर्निसिङका लागि वजेट व्यवस्था</td><td>आफ्नै प्रशासनिक भवन निर्माण सम्पन्न गरेका वडा कार्यालयहरु १ नं. वडा , ८ नं. वडा र १० नं. वडाको फर्निचर तथा फर्निसिङका लागि सम्वन्धित वडावाट नै वडास्तरीय वजेट विनियोजन भएको त उक्त बजेट अपर्याप्त हुने भएकाले अपर्याप्त बजेट नगरपालिकाको मेशिनरी तथा फर्निचर शीर्षकमा विनियोजित वजेटवाट खर्च गर्ने । ८ नं. वडा कार्यालयको हकमा सामाजिक उत्तरदायित्वको वजेटबाट साझेदारीमा फर्निचर खरिद गर्न हिमालय डिस्ट्रिलरी लिमिटेड विरगञ्ज- ११, पर्सालाई अनुरोध गर्ने ।</td></tr>
<tr><td>८.</td><td>विस्तृत परियोजना प्रस्ताव संशोधन</td><td>नुन्थला वजार व्यवस्थापनका लागि यस नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनवाट वजेट स सुनिस्चित भई बोलपत्रको माध्यमवाट उक्त आयोजना कार्यान्वयन गर्ने यस नगरपालिकाको योजना रहे छ । नुन्थला वजार व्यवस्थापनको विस्तृत परियोजना प्रस्ताव तयार गर्दा बजार क्षेत्रको सडकमा ढुङ्गा विच्छ्याउने आइटम राखिएको पाइयो । तर, नुनथला वजारका आम नागरिकहरुबाट वजार क्षेत्रमा ढु विच्छ्याउने आइटमका सट्टा हाल ढलान आइटम राखी आयोजना निर्माण गर्न अनुरोध भई आएकाले विस्तृत परियोजना तयार गर्ने फर्मलाई आइटम परिवर्तन गरिदिन अनुरोध गर्ने ।</td></tr>
</table>

<table>
<tr><td>९.</td><td>विद्युतीय चुल्हो वितरणका लागि समझदारी गर्ने</td><td>स्वच्छ ऊर्जा प्रयोग गरी स्वास्थ्य, वातावरण संरक्षण, आर्थिक आत्मनिर्भरता र आधुनिक जीवनशैली प्रवद्ध गर्न वडा नं. २ लाई पूर्ण रुपमा विद्युतीय चुल्हो प्रयोगको क्षेत्र निर्माण गर्न सामुदायिक विद्युत उपभोक्त राष्ट्रिय महासंघ नेपालसँग समझदारी गरी कार्यक्रम सञ्चालन गर्ने र नगरपालिकाको वडास्तरीय वजेट महासंघबाट व्यहोर्ने रकममा अपुग हुने रकम वडा कार्यालयबाट स्रोत सुनिश्चित गर्ने ।</td></tr>
<tr><td>१०.</td><td>आन्तरिक आयको ठेक्का वन्दोवस्ती</td><td>ढुङ्गा गिट्टी वालुवाको आन्तरिक आयको ठेक्का लगाउने सम्वन्धमा परिणाम र प्रदेशको राजपत्रमा उल्लिखित दर अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा भएको व्यवस्था, नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, २०८२, कोशी प्रदेश सरकार प्रदेश आर्थिक ऐन, २०८२ अनुसार यस नगरपालिकाको आन्तरिक आय सङ्कलन गरी राजश्व अभिवृद्धि विद्युतीय माध्यम (E-Bidding) द्वारा दरभाउ पत्र आह्वान गर्ने ।</td></tr>
<tr><td>११.</td><td>राहत उपलब्ध गराउने</td><td>देहायमा उल्लिखित विपद प्रभावितहरुलाई आर्थिक सहयता उपलब्ध गराउने । साथै वडा नं. ११ सा पहिरो प्रभावितहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको राहत वितरण गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>प्रभावितको नाम</th><th>ठेगाना</th><th>रकम</th><th>कारण</th></tr>
<tr><td>१</td><td>महि सिं कामी</td><td>सोलु दु.न.पा.११</td><td>२५,०००.००</td><td>पहिरोले घर क्षति</td></tr>
<tr><td>२</td><td>राम तामाङ</td><td>वडा नं. ३</td><td>७५,०००.००</td><td>मष्तिस्कमा टेप वर्म</td></tr>
<tr><td>३</td><td>युटिन तामाङ र टासी तामाङ</td><td>वडा नं. ४</td><td>७५,०००.००</td><td>ब्रेन ट्युमर र अटिज्म</td></tr>
<tr><td>४</td><td>प्रेम मगर</td><td>वडा नं. ७</td><td>७५,०००.००</td><td>हृदयघात</td></tr>
<tr><td>५</td><td>कर्मा शेर्पा</td><td>वडा नं. ६</td><td>२५,०००.००</td><td>क्यान्सर</td></tr>
<tr><td>६</td><td>मनिषा सुन्दास</td><td>वडा नं. १</td><td>२५,०००.००</td><td>भालु आक्रमण</td></tr>
<tr><td>७</td><td>पासाङ लामा</td><td>वडा नं. १</td><td>२५,०००</td><td>आगलागी</td></tr>
<tr><td>८</td><td>काले शेर्पा</td><td>वडा नं. ६</td><td>२०,०००.००</td><td>अन्त्येष्टी खर्च</td></tr>
</table></td></tr>
<tr><td>१२.</td><td>विपद व्यवस्थापन कोषवाट वजेट विनियोजन</td><td>क) बरवोट आ.वि. तिङला परिसरभित्र पहिरो गई विद्यालय नै जोखिममा परेको हुँदा थप क्षति नदिन पहिरो रोकथामका लागि लागत अनुमान तयार गरी विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने ।<br>ख) जिल्ला कारागर कार्यालयदेखि सल्लेरी च्याल्सा जलविद्युत कम्पनीसम्मको शाखा सडक अत्या वर्षादका कारण पहिरो गई धेरै स्थानमा कटान, सडकको धेरै स्थानको सतह भासिएका समस्यावाट सडकको संरचनागत क्षति पुगेको र तत्कालै उक्त सडक मर्मत नगरेमा वसन्त क्षेत्रमा बाढी पसी क्षती बढ्ने भएकाले डिभिजन वन कार्यालय, सल्लेरी च्याल्सा जलविद्युत क र उपभोक्ता समितिको साझेदारीमा सडक मर्मत गर्न मिति २०८२।०४।२२ गते उपप्रमुख गान्धी माया तामाङज्यूको अध्यक्षतामा सरोकारवालाहरुसँगको बैठकमा यस नगरपालि तर्फवाट रु ४ लाख व्यहोर्न भएको निर्णय अनुमोदन गर्ने ।</td></tr>
<tr><td>१३.</td><td>स्वःघोषणा</td><td>यस नगरपालिकाले नेपालको संविधानले निर्दिष्ट गरेको नगरपालिकाले अधिकार क्षेत्रभन्दा बाहिर गइ राजश्वको करारोपण नगरेको र अब उप्रान्त पनि नगर्ने स्वःघोषणा गर्ने ।</td></tr>
</table>